यस गाउँसभाका अध्यक्ष ज्यू

प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू, वडा समितिका सदस्य ज्यू, विषय गत शाखा प्रमुख ज्यू, सुरक्षाकर्मी पत्रकार लगायत अन्य उपस्थित दाजुभाइ तथा दिदी बहिनीहरु ।

अब म यस सुनछहरी गाउँपालिकाको आ.व. ०७५/७६ को लागि विनियोजित बजेट तथा कार्यक्रम प्रश्तुत गर्न चाहन्छु ।

आ.व. २०७५/७६ का लागि संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान अन्तर्गत रकम रु. ६ करोड ७ लाख त्यसैगरी राजश्व बाँडफाँड वापत रकम रु. ६ करोड २ लाख २६ हजार त्यसैगरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान अन्तर्गत ४० लाख ६५ हजार यसैगरी प्रदेश सरकारबाट प्राप्त बहुउद्धेशियय हल निर्माण अन्तर्गत ६० लाख, प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर बाँडफाँड अन्तर्गत प्राप्त अनुदान २५ लाख ५३ हजार यसैगरी प्रदेश सरकारबाट खेल मैदान अनुदान अन्तर्गत ३६ लाख प्राप्त भएको छ ।

त्यस्तै यस गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानी २१ लाख, गत आ.व.को अनुमानित अ.ल्या. रकम हुन आउने ७५ लाख, संघीय तथा स्थानीय विकास मन्त्रालय (बहुक्षेत्रीय पोषण योजना) बाट हस्तान्तरण हुने कार्यक्रम अन्तर्गत १३ लाख ६१ हजार, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ३ करोड २८ लाख ३ हजार र संघीय सरकारबाट प्राप्त सशर्त अनुदान ७ करोड ४८ लाख गरी कुल जम्मा बजेट २५ करोड ५७ लाख ८ हजार रुपैंया बराबरको बजेट विनियोजन गरिएको छ ।

यसरी आ.व ०७५/७६ का लागि विनियोजित बजेटलाई ५ वटा विकासका प्राथमिकताका क्षेत्रहरुलाई आधार मानेर विनियोजन गर्दा आर्थिक विकास तर्फ (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तिय क्षेत्र) रकम रु. १ करोड २६ लाख ३५ हजार विनियोजित पुंजीगत बजेटको १६.३३ प्रतिशत, सामाजिक विकास तर्फ (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति प्रवर्द्धन, सामाजिक समावेशीकरण) रकम रु. ६९ लाख ७० हजार अर्थात ९.००९प्रतिशत त्यसैगरी पुर्वाधार विकास तर्फ ( सडक, सिंचाई, भवन, शहरी विकास, विद्युत संचालन) रकम रु. ५ करोड ४१ लाख ९० हजार अर्थात

वन तथा भु
७०.०४ प्रतिशत, त्यसैगरी वन वातावरण तथा विपद व्यवस्थापन ( रकम रु.
संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन र विपद व्यवस्थापन) तथा संस्थागत विकास
१५ लाख ५० हजार अर्थात २.०० प्रतिशत, त्यसैगरी सुशासन गरिएको छ ।
तर्फ २० लाख २० हजार अर्थात २.६१ प्रतिशत रकम विनियोजन कुल बजेटको
त्यसैगरी सामाजिक सुरक्षा तर्फ ३ करोड २८ लाख ३ हजार अर्थात अर्थात २९.२५
१२.८२ प्रतिशत, त्यसैगरी सशर्त बजेट तर्फ ७ करोड ४८ लाख
प्रतिशत,

त्यसैगरी सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्त हुने अनुदान १३ लाख ६१ हजार
अर्थात ०.५३ प्रतिशत, त्यसै गरी चालु खर्च तर्फ ६ करोड ४८ लाख ७९ हजार अर्थात
२५.३७ प्रतिशत, त्यसै गरी पुंजीगत खर्च तर्फ ७ करोड ७३ लाख ६५ हजार अर्थात
३०.२५ प्रतिशत र समपुरक कोष तर्फ ४५ लाख रुपैंया बजेट विनियोजन गरिएको छ ।

आर्थिक श्रोत, नागरिक अपेक्षा र जनशक्ति बीचको तालमेल विना कुनै शासन पद्धति
जीवन्त रहन सक्दैन । गत आ.व. ०७४/७५ को बजेट भन्दा आगामी आ.व. ०७५/७६
को आकार पक्कै पनि सानो बनेको छ । अत: प्राप्त श्रोतको यहाँको आवश्यकता
अनुकुल दृढ इच्छा शक्ति सहित समुचित व्यवस्थापन तथा परिचालन गरी सुशासनको
मर्मलाई साँच्चिकै व्यवहारमा परिवर्तन गर्ने चुनौती अहिले आएको छ । आवश्यकता र
अपेक्षा असिमित छन् तर श्रोत सिमित छ । सिमित श्रोत साधनबाट अपेक्षित आशाहरु
परिपूर्ति गर्न पक्कै पनि कठिन हुनेछ । यसकारण यहाँको माटो सुहाउँदो आवश्यकताको
आधारमा यो आ.व.मा सकिने योजना र क्रमागत संचालन गर्ने योजनाहरु वर्गीकरण
गरी बजेट विनियोजन गरिएको छ । आशा छ त्यसको लागि गत आ.व.मा गरिएका
कमजोरीहरुलाई सुधार गर्दै आगामी आ.व.मा हाम्रो क्षमता, वुद्धी विवेक र एकतालाई
उच्चतम विन्दु सम्म प्रयोग गर्दै जनताको अपेक्षित आशाहरु पूरा गर्ने बाचा गर्दछौं ।
यसैगरी अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न अतिथिगण ज्यूहरु
लगायत सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।
आजको यस सुनछहरी गाउँपालिकाको गाउँसभालाई यहाँ सम्म ल्याईपुऱ्याउन भित्री
आवरणबाट सहयोग पुऱ्याउने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता
प्रकट गर्न चाहन्छु र यो सभा मिति २०७५ असार ३० गते बस्ने सुचना पनि घोषणा
गर्न चाहन्छु । धन्यवाद ।